# प्रस्तावना माग सूचना (RFP – Request for Proposal)

## पोषण संवेदनशील व्यवसायको सुरुवात, सुदृढीकरण तथा सुधारका लागि प्रस्तावना आव्हान (प्रथम पटक प्रकाशित मितिः २०८२/११/०८)

१. प्रस्तावनाको पृष्ठभूमि

आई. डी .ई नेपालको आर्थिक सहयोग र एकिकृत हातेमालो समाज नेपाल (सियान) को सहजीकरणमा " पोषण मार्फत जीवन रुपान्तरण " परियोजना लुम्बिनी प्रदेशको पश्चिम नवलपरासी, रुपन्देही , कपिलवस्तु र दाङ जिल्लाको सबै गाउँपालिकाहरुमा मा संचालित छन् । आफ्नो कार्य क्षेत्र भित्र समुदायमा विद्यमान कुपोषणको अवस्थालाई न्यूनीकरण गर्न विशेषगरी ५ वर्षमुनिका बालबालिका भएका घरपरिवारलाई प्राथमिकता दिँदै पौष्टिक खानेकुरा तथा पोषणमैत्री सेवा/उत्पादन पहुँच बृद्धि गर्न तथा पोषणमैत्री आर्थिक गतिविधि प्रवर्द्धन गर्ने उद्देश्यका साथ परियोजनाले पोषण संवेदनशील व्यवसायको विकास, सुदृढीकरण तथा सुधारका लागि इच्छुक व्यक्तिहरू, दर्ता भएका फर्म/कम्पनी, सहकारी संस्था तथा उधमीहरूबाट प्रस्तावना (Proposal) माग गरिएको छ।

२. उद्देश्यहरु

- कुपोषण न्यूनीकरणलाई सहयोग पुऱ्याउने पोषण संवेदनशील पोषणमैत्री व्यवसायको विकास विस्तार र सुदृढीकरण
- स्थानीय स्तरमा पोषणयुक्त खाद्य उत्पादन तथा सेवाको पहुँच बृद्धि
- स्थानीय स्तरमा आयआर्जन तथा रोजगारी सृजना गर्दै समुदायको जीवनस्तर सुधार
- महिला, विपन्न तथा सीमान्तकृत समुदायको सहभागिता प्रवर्द्धन

३. प्रस्तावनाको लागि प्राथमिकता क्षेत्रहरु /व्यवसायहरुः

परियोजनाले निम्न प्रकारका पोषणसम्बन्धी व्यवसायलाई प्राथमिकता दिनेछ (तर सीमित होइन):

- पोषणयुक्त खाना, बालपोषण तथा मातृ पोषणका उत्पादन
- कृषि तथा पशुपालनमा पोषणसम्बन्धी मूल्य श्रृंखला जोडिएका व्यवसाय
- स्थानीय पौष्टिक खाद्य सामग्री उत्पादन, संरक्षण, प्रसोधन र बजार प्रवर्द्धन
- कुपोषण न्यूनीकरणमा प्रत्यक्ष योगदान गर्ने कुनै पनि नवीन तथा दिगो व्यवसाय

power to people at all levels
SOCIETY for INTEGRATED ALLIED NEPAL
2004 Estd
SIAN

४. प्रस्तावना प्रस्तुत गर्न योग्य समूह

- स्थानीय उद्यमी/इच्छुक व्यक्ति
- दर्ता भएका सहकारी संस्था
- दर्ता भएका फर्म, व्यवसाय, कम्पनी
- महिला, दलित, आदिवासी जनजाति युवा तथा सीमान्तकृत समूह तथा ५ वर्षमुनिका बालबालिका भएका घरपरिवारलाई प्राथमिकता

५. बजेट तथा लागत साझेदारी

- कुल बजेट सीमा : अधिकतम ने .रू ५,८०,०००/- (पांच लाख असि हजार मात्र)
- स्रोत साझेदारी व्यवस्था:
  - करिब ७०% परियोजनाबाट
  - ३०% प्रस्तावकर्ता/संस्थाबाट योगदान (नगद वा वस्तुरूपमा मान्य)

६. कार्य सम्पन्न गर्ने समयावधि

- कार्य सम्पन्न गर्ने अन्तिम मिति : ३० मे २०२६

७. प्रस्तावनामा समावेश हुनुपर्ने विवरण

इच्छुक व्यक्ति/संस्थाले निम्न कागजातहरूसहित प्रस्तावना पेस गर्नुपर्नेछः

१. पूर्ण विवरण सहित को प्रस्तावना जसमा न्युनतम तल उल्लेख गरिएको जानकारी हुनु पर्नेछ
  - आवेदकको परिचय (व्यक्ति/फर्म/सहकारी विवरण)
  - प्रस्तावित व्यवसाय/उद्यमको स्पष्ट विवरण
  - उक्त व्यवसाय/उद्यमले कुपोषण न्यूनीकरण र समुदायमा पर्ने प्रभाव बारे विवरण
  - कार्ययोजना र समयसीमा
  - बजेट र लागत विवरण
  - सम्भावित जोखिम मूल्यांकन तथा न्यूनीकरण योजना

२. दर्ता प्रमाण (फर्म/सहकारीका लागि लागू भएमा)

३. सम्बन्धित वडा कार्यालय को सिफारिस

४. अन्य सम्बन्धित सहयोगी कागजात

८ . प्रस्तावना मूल्यांकन मापदण्ड

- पोषण सुधारमा प्रभाव
- कार्यान्वयन सम्भाव्यता र स्थायित्व
- समावेशीकरण र लक्षित समूहमा पहुँच
- लागत प्रभावकारिता र आर्थिक सम्भाव्यता
- नवीनता तथा दिगोपन
- व्यवसाय बाट लाभान्वित हुने घरधुरी

९ . अन्य शर्तहरू

- अपूर्ण कागजातका प्रस्ताव स्वीकृत गरिने छैन
- समितिबाट योग्य ठहर गरिएका प्रस्ताव मात्र चयन गरिनेछ
- प्रस्ताव स्वीकृति वा अस्वीकृतिको सम्पूर्ण अधिकार परियोजनामा रहनेछ
- आवश्यक परे थप कागजात वा स्पष्टीकरण माग गर्न सकिनेछ

१०. प्रस्तावना बुझाउने म्याद

- प्रस्ताव बुझाउने अन्तिम मितिः २०८२/११/२५ गते
- समयः कार्यालय समय भित्र
- स्थानः एकीकृत हातेमालो समाज नेपालको परियोजना कार्यालय, रामग्राम नगरपालिका-१२, पश्चिम नवलपरासी ।

११. प्रस्तावना बुझाउने तरिका

- प्रत्यक्ष कार्यालयमा बुझाउन सकिने
- वा इमेल मार्फत पठाउन सकिनेः procurement@sian.org.np

१२. सम्पर्क

अधिक जानकारी तथा प्रस्तावना ढांचा का लागि तल। उल्लेखित सम्पर्क गर्नुहोस्ः

- परियोजनाको नामः पोषण मार्फत जीवन रुपान्तरण परियोजना
- ठेगानाः रामग्राम नगरपालिका-१२, पश्चिम नवलपरासी
- फोनः ०७८-५९०६७१, ९८५१०७४९१२
- इमेलः procurement@sian.org.np